
# हाम्रो बक्सको पैसा कहाँ जान्छ ?

स्वावलम्बी हुनुको अर्थ एन. ए. का सेवाहरू हाम्रो आफ्नै प्रयासबाट समर्थित हुनु हो । धेरै भएका मिटिङ्गहरूले धेरै दिन्छन् ताकि थोरै हुने मिटिङ्गहरू सञ्चालन हुन सकून् । हामी, विश्वव्यापी फेलोसिपको रूपमा नार्कोटिक्स एनो निमसको हेरचाह गर्छौं ।



विभिन्न सांस्कृतिक तथा भौगोलिक सीमाहरू पारि हाम्रो सन्देश अझ बढी उपलब्ध गराउन साहित्य अनुवादहरूको निम्ति ।




"भित्र रहेका" दुर्व्यसनीहरूसम्म पुग्न मद्दत गर्नको लागि एच.एण्ड आइ सेवाको निम्ति साहित्य तथा अन्य सामग्रीहरू ।





दुर्व्यसनीहरू हाम्रो सम्पर्कमा आउन सहयोग गर्न फोनलाइन सेवाको निम्ति ।




हाम्रो मिटिङ्गहरूको लागि कोठा भाडा, साहित्य एवं अन्य सामग्रीहरूको निम्ति ।



हाम्रो समुदायमा दुर्व्यसनीहरूसँग नियमित रूपमा काम गरिरहेकाहरूलाई एन.ए.को बारेमा जानकारी दिएर जन-सम्पर्क स्थापित गर्नको निम्ति ।

**हाम्रो पैसाको सहयोगबाट सन्देश पुऱ्याउने यी केही उपायहरू मात्र हुन् ।**




## हाम्रो विश्वव्यापी फेलोसिप

स्थानीय प्रयासमा सुधारको निम्ति एन. ए. को सन्देश बाँड्नुका साथै कुनै पनि भाषा वा संस्कृतिका हरेक दुर्व्यसनीको निम्ति सुधार उपलब्ध गराउने हाम्रो परि कल्पना साकार बनाउन विश्वभरि धेरै कार्यहरू गर्नुपर्ने हुन्छ ।

जब एन.ए. का समुहहरूले विश्व सेवाहरूमा पैसा पठाउँदछन्, तिनले निम्न कार्यहरूमा सहयोग गर्दछन्:

- विकासशील एन.ए. समुदायहरूमा नि:शुल्क साहित्य उपलब्ध र ढुवानी गर्नको निम्ति ।
- विश्वभरका क्षेत्रीय प्रतिनिधिहरूलाई हरेक २ वर्षमा विश्व सेवा सम्मेलनमा सहभागी हुन आर्थिक सहायताको निम्ति । सम्मेलन यस्तो स्थान हो जहाँ, "फेलोसिपले सम्पूर्ण नार्कोटिक्स एनोनिमसलाई असर पर्ने विषयहरूमा आफूलाई सामूहिक रूपमा अभिव्यक्त गर्दछ ।"
- समुदायका सदस्य तथा सरकारी अधिकारीहरूलाई एन.ए. के हो र हामी के गर्छौं भनी बुझाउन मद्दत गर्नको लागि जन-सम्पर्कका कार्यहरू सञ्चालन गर्ने ।


केही दशकको अन्तरालमा एन.ए. केही स्थानमा रहेका थोरै मिटिङ्गहरूबाट १३९ वटा देशहरूमा लगभग ६७००० वटा भन्दा बढी मिटिङ्गहरू भएको विश्वव्यापी फेलोसिपको रूपमा विकास भएको छ ।*

*सन् २०१६ को अनुसार
अहिलेसम्म नेपालीमा उपलब्ध छैन ।

# हाम्रा समूहहरूले कसरी आर्थिक योगदान पुऱ्याउँछन् ?

एघारौं अवधारणाले भन्छ : "एन.ए.को कोष हाम्रा प्राथमिक उद्देश्य प्राप्तिको निम्ति खर्च गरिनु पर्दछ तथा त्यसको व्यवस्थापन जिम्मेवारीपूर्वक गर्नुपर्दछ ।"

सिद्धान्ततः समूहले आफ्ना खर्चहरू बेहोरी सकेपछि बचेको पैसा सेवाको हरेक स्तरहरूमा तिनीहरूकै हितका लागि गरेको कार्यको भुक्तानी गर्न मद्दतको निम्ति प्रत्यक्ष रूपमा पठाउँछन् । समूहले प्रयोग गर्न सक्ने धेरै उपायहरू मध्ये यो एक नमुना हो ।




केही समूहहरूले प्रायःजसो मासिक कोठा भाडा तथा खर्चहरूको निम्ति सानो सञ्चालन आरक्षित कोष (यसलाई कहिलेकाहीं "दूरदर्शी आरक्षित कोष" पनि भनिन्छ) राख्दछन । *The Group Booklet** ले हामीलाई "थोरै पैसाले भन्दा धेरै पैसाले बढी समस्याहरू सृजना गराउँछ ।" भनी सचेत गराउँदछ ।

समूह सम्पत्ति कोष व्यवस्थापनको अतिरिक्त जानकारीका लागि निम्न स्रोतहरूबाट सहयोग लिन सकिन्छ, जुन अनलाइन या निम्न सामान्य एन.ए.का साहित्यद्वारा उपलब्ध रहन्छ : *The Group Booklet, Treasurer's Handbook, Group Treasurer's Workbook, A Guide to Local Services in NA.*

स्वावलम्बन सम्बन्धी हाम्रो सातौं परम्परा केवल आर्थिक विषयमा मात्र होइन तर यो पर्चाले भने आर्थिक मामलाहरूको मात्र चर्चा गर्दछ । स्वावलम्बन सम्बन्धी जान्न थप जिज्ञासा भएका सदस्यहरूलाई निम्न साहित्यहरू अध्ययन गर्न प्रोत्साहित गरिन्छ : IP No. 24, *Money Matters: Self-Support in NA*, यसले काम *It Works: How and Why* : को सातौं परम्पराको लेख, तथा *Twelve Concepts for NA Service** को एघारौं अवधारणाको लेख ।

* अंग्रेजीमा रहेका सबै शिर्षकहरु अहिलेसम्म नेपालीमा उपलब्ध छैन ।

**हाम्रो अनुदानहरू कहाँ पठाउने**

एरिया ..............................................................

..............................................................

क्षेत्रिय ..............................................................

..............................................................

विश्व NA World Services • PO Box 9999 • Van Nuys, CA 91409 USA
www.na.org/contribute

सदस्यहरूलाई व्यक्तिगत योगदानको महत्व बुझ्न सहयोग गर्नको निम्ति, समूहले बक्स घुमाउनु भन्दा अघि निम्न अनुसारको भनाइ मिटिङ्को फरम्याटमा पढ्नका लागि समावेश गराउन सक्छन् :

हाम्रो सातौं परम्परा अनुसार :

"प्रत्येक एन.ए. समूह बाहिरी अनुदानहरू अस्वीकार गरी पूर्णरूपमा स्वावलम्बी हुनुपर्छ ।"

नार्कोटिक्स एनोनिमसमा हाम्रो स्वतन्त्रतालाई कायम राख्नका लागि हामी आफ्नै तरिकाबाट योगदान गर्दछौं । स्वतन्त्र रूपमा योगदान गरी हामी सहभागी हुनका निम्ति मिटिङ्ग छ भन्ने सुनिश्चित गर्छौं तथा सेवालाई सहायता गर्छौं जसले एन.ए.लाई जीवित राख्दछ र विश्वभरी फैलाउँदछ ।

एन.ए.मा आर्थिक योगदान गर्नं हामीलाई नयाँ जीवनको बाटो देखाउने कार्यक्रमप्रति कृतज्ञता व्यक्त गर्ने आधारभूत उपायहरूमध्ये एक हो भनी हाम्रो सदस्यलाई ध्यान दिनका लागि प्रोत्साहन गर्दछौं ।


Copyright © 2015 by
Narcotics Anonymous World Services, Inc.
सर्वाधिकार सुरक्षित



World Service Office
PO Box 9999
Van Nuys, CA 91409 USA
TEL (818) 773-9999 FAX (818) 700-0700
WEB www.na.org


यो एन.ए. फेलोसिपद्धारा अनुमोदित साहित्यको अनुवाद हो ।


Narcotics Anonymous, , , ,
र The NA Way पंजिकृत व्यापारचिन्ह हुन्, यी कम्पनीहरुको
Narcotics Anonymous World Services, Incorporated.



ISBN 978-63380-029-8 • Nepali • 8/16

WSO Catalog Item No. NE-3128


IP No. 28-NE

# एन.ए. सेवाहरूको निम्ति आर्थिक योगदान

